# आर्थिक कारोबारोको स्थिति

**कार्यालयको नामः** धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक।
आर्थिक वर्षः २०७६/७७

| | नाम | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री तारानाथ लुइटेल | २०७६/४/१ | २०७७/३/३१ | १,१५,३१,६६२/- |
| लेखा प्रमुख | ले.अ. श्री धनबहादुर बस्नेत | २०७६/४/१ | २०७७/३/३१ | |

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले २०४३।११।५ मा धुलिखेल नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु धुलिखेल पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६२ सभा सदस्य, ५५ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार १६२ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम महानगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८५,४१,७३,१०५.५० | ७७,१९,५७,०९९.८९ | | ७७,१९,५७,०९९.८९ |
| **क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने)** | | ६६,२८,०३,००० | ५९,९९,६०,८९६.२४ | ० | ५९,९९,६०,८९६.२४ |
| ११००० कर | ११ | १५,८८,०८,००० | १३,१३,५१,१२६.५८ | ० | १३,१३,५१,१२६.५८ |
| १३००० अनुदान | | ४४,८४,४५,००० | ४३,९०,१६,५३९.३६ | ० | ४३,९०,१६,५३९.३६ |
| संघीय सरकार | १२ | ३७,११,७५,००० | ३६,१३,४८,३९१.४८ | ० | ३६,१३,४८,३९१.४८ |
| प्रदेश सरकार | १२ | ४,७२,७०,००० | ४,७२,७०,००० | ० | ४,७२,७०,००० |
| जनसहभागिता | | ३,००,००,००० | ३,०३,९८,१४७.८८ | ० | ३,०३,९८,१४७.८८ |
| १४००० अन्य राजस्व | | ४,३१,५०,००० | २,९३,६७,२४०.८० | ० | २,९३,६७,२४०.८० |
| १५००० विविध प्राप्ति | | २,००,००० | २,२५,९८९.५० | ० | २,२५,९८९.५० |
| ३३००० दायित्व | | १,२२,००,००० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १९,१३,७०,१०५.५० | १७,१९,९६,२०३.६५ | | १७,१९,९६,२०३.६५ |
| वितरण गर्न बाकी राजस्व | | ० | २२ | ० | २२ |
| कोषहरु | | ७,८५,७०,१०५.५० | ५,६०,७३,२७५.५० | ० | ५,६०,७३,२७५.५० |
| धरौटी | | ० | ४६,४०,२८१ | ० | ४६,४०,२८१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११,२८,००,००० | ११,१२,८२,६२५.१५ | ० | ११,१२,८२,६२५.१५ |
| भुक्तानी (ग+घ) | | ९६,२२,७२,१०५.५० | ८१,९२,३०,५५१.५७ | | ८१,९२,३०,५५१.५७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,०९,०२,००० | ६७,८५,८२,१७३.३५ | | ६७,८५,८२,१७३.३५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २५,३१,०५,००० | २४,८३,११,९४७.३२ | ० | २४,८३,११,९४७.३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,५८,७९,००० | ८,०२,६८,५५१.५९ | ० | ८,०२,६८,५५१.५९ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ५,००,००० | ३,२६,५८६.१६ | ० | ३,२६,५८६.१६ |
| २५००० सहायता (Subsidy) | १८ | १,००,००० | ९६,७१२ | ० | ९६,७१२ |
| २६००० अनुदान | १८ | २,००,००० | २,००,००० | ० | २,००,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १५,५०,००० | १५,४७,८१६ | ० | १५,४७,८१६ |
| २८००० अन्य खर्च | १८ | २०,४०,००० | १३,०७,९२७ | ० | १३,०७,९२७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४१,७०,२८,००० | ३४,६०,५७,१४३.०६ | ० | ३४,६०,५७,१४३.०६ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ५,००,००० | ४,६५,४९०.२२ | ० | ४,६५,४९०.२२ |
| घ. अन्य भूक्तानी | | १९,१३,७०,१०५.५० | १४,०६,४८,३७८.२२ | | १४,०६,४८,३७८.२२ |
| कोषहरु | | ७,८५,७०,१०५.५० | २,८२,६१,३६६ | ० | २,८२,६१,३६६ |
| धरौटी | | ० | ११,१७,७५१.७७ | ० | ११,१७,७५१.७७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११,२८,००,००० | ११,१२,८२,६२५.१५ | ० | ११,१२,८२,६२५.१५ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१३,३६४.७० | | -१३,३६४.७० |
| ङ. यो वर्षको बचत (न्युन) | | (१०,८०,९९,०००) | (४,७२,७३,४५१.६८) | | (४,७२,७३,४५१.६८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,९३,३८,१४०.७६ | | ९,९३,३८,१४०.७६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१०,८०,९९,०००) | ५,२०,६४,६८९.०८ | | ५,२०,६४,६८९.०८ |
| बैंक तथा नगद बाकी | २४ | | ५,२०,६४,६८९.०८ | | ५,२०,६४,६८९.०८ |

| कार्यालयको नाम : धुलिखेल नगपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| **दफा** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टिगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लेखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७८/०१/१८ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा शिक्षाको बढी निकाशा रु.१६७०८५.५, कृषि अनुदानको बढी भुक्तानी रु.८५७३२.७८, स्वास्थ्य कार्यक्रमको बढी भुक्तानी रु.१३०६५ र सामाजिक सुरक्षा बापतको रु.७४५५९९९.१४ गरी रु.७७२१८८२.४२ बेरुजु खातामा दाखिला गरेको प्रमाण पेश भएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• नगरपालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.६२८२६४३२।३० ले फरक देखिएको छ ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै कारोबारलाइ समेटेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा एकिकृत रु.१०,८७,४३,९४८।४९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा एकिकृत विवरण अनुसार रु.१०,८७,४३,९४८।४९ नै जिम्मेवारी सारेको देखियतापनि वित्तीय प्रतिवेदनमा रु ९,९३,३८,१४०।७६ देखाएको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९४,०५,८०७।७३ घटी जिम्मेवारी देखाएको छ ।फरक मध्ये संचित कोष तर्फ अ.ल्या रु.९,३१,५४,५४६।७९ भएकोमा वित्तीय विवरणले रु९,२९,५४,५४६।७९ देखाएकोले रु २०००००।०० फरक परेको छ भने देहायका कोषहरुको गत वर्षको मौज्दात | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.९२,०५,८०७।६३ म.ले.प.फा.नं.२७२ बमोजिमको वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन । | |

| कोष | गत वर्षको अ ल्या |
|---|---|
| प्रकोप व्यवस्थापन कोष | ९९४८१७।५० |
| विविध कोष | ४५४०३५४।४२ |
| वैदेशिक सहायता खाता | ३११३९३५।०० |
| चल्ती खाता | ५५६७००।७१ |
| **जम्मा** | **९२०५८०७।६३** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **बैक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक विवरण पेश गरेकोमा निम्नानुसार फरक पर्न गएको देखिन्छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | २०५५१५१७.९४ | ४०७३५५३४.७६ | २०१८४०१६.८२ |
| २ | पुंजीगत खाता | ०. | ४८३२०३१५.१५ | ४८३२०३१५.१५ |
| ३ | चालु खाता | ०. | ६९७८७३३.३३ | ६९७८७३३.३३ |
| ४ | धरौटी | ९९०६१२३.२ | ७५९०५०७.२ | २३१५६१६. |
| ५ | प्रकोप व्यवस्थापन कोष | २४८५७४४.५ | २४७६१५०.५ | ९५९४. |
| ६ | वैदेशिक सहायता कोष खाता | ३०००. | ३०००. | ०. |
| ७ | आन्तरिक राजस्व खाता | १३५२११०.९४ | १३५२११०.९४ | ०. |
| ८ | आकस्मिक कोष खाता | ८४०००. | ८४०००. | ०. |
| ९ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ५४९३४५०. | ५४९३४५०. | ०. |
| १० | विविध खर्च खाता | २२६४६९३८. | १२३१५५१५. | १०३३१४२३. |
| ११ | विविध कोष खाता | ६४९५४०९.२१ | ६४९५४०९.२१ | ०. |
| | **जम्मा** | **६९०१८९३.७९** | **१३१८४४७२६.०९** | **६२८२६४३२।३०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.१. | संचितकोषमा आषाढ मसान्तमा श्रेस्ताअनुसार रु.२,०५,५१,५१७।९४ र बैंकअनुसार रु.४,०७,३५,५३४।७६ देखाएको फरक रकम रु.२,०१,८४,०१६।८२ बैकमा बढी देखिएको हिसाब मिलान गरी आम्दानी बाँध्नु पर्दछ । | |
| ३.२. | नगरपालिकाले चालु खाता तर्फको रु.४,८३,२०,३१५।१५ र पूजीगत खातातर्फको रु.६९,७८,७३३।३३ को चेक साँट्न बाँकीको विवरण तयार गरेको छ । चेक साट्न बाँकीको म्याद सम्म चेक साटिएको बैंक स्टेटमेन्ट अनुसार चालु खातामा रु.५४,४६२।०० र पुंजीगत खातामा रु.२,१५,२०४।८० चेक साट्न बाँकी नै देखिएको ले सो रकम आम्दानी गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ । | |
| ३.३. | धरौटीमा आ व को अन्त्यमा श्रेस्ता अनुसार रु ९९,०६,१२३।२० र आषाढ मसान्तको बैंक बाँकी रु.७५,९०,५०७।२० देखाएकोमा फरक रकम रु.२३,१५,६१६।०० देखाएको छ । फरक रकम श्रावणको आम्दानीलाइ चालु आ.व.मा समावेश गरेको देखिन्छ । | |
| ३.४. | बाँडफाँडबाट प्राप्त राजस्व खातामा आषाढ मसान्तमा बाँकी देखिएको रु.५४९३४५०।०० मिति २०७७।५।१५ मा संचितकोषमा ट्रान्सफर गरेको छ । | |
| ३.५. | प्रकोप व्यवस्थापन कोषमा रु.९,५९४।०० र विविध खर्च खातामा रु.१,०३,३१,४२३।०० गरी जम्मा रु.१,०३,४१,०१७।०० बैक घटी देखिएकोमा श्रावण महिनाको आम्दानी फरक परेको बैंक समायोजन खाता राखेको छ । | |
| ४. | **फिर्ता दाखिलाः** आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.९,८२,६६,६०८।५२ संघीय संचितकोषमा मिति २०७७।३।३० मा र प्रदेश ससर्त अनुदानको रु.४,७७,७९४। मिति २०७७।४।७ मा प्रदेश संचितकोषमा दाखिला गरेको छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**५.** **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको । (निजामति सेवा ऐन, २०४९ को दफा ५
- उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको
- भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको
- मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको
- प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,
- कन्टेन्जेन्सी बापत रकम कट्टी गर्दा अधिकतम अर्थात ३ प्रतिशत सबै योजनाको कट्टी गर्ने गरेको
- खर्चका बिल भर्पाईहरुको तेरीज बनाउने नगरेको ,
- कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको
- केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको,
- यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्नेमा नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको वेरुजुको अभिलेख व्यवस्थित गरेको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्र्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्र्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।
- स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

**६.** **ऋण लगानी** नगरपालिकाले लिएको ऋण रकम देहाय बमोजिम रहेको छ ।

| सि नं | आयोजना | ऋण रकम | २०७७ आषाढसम्ममा तिर्नुपर्ने साँवा | २०७७ आषाढसम्म तिर्नुपर्ने व्याज | २०७७ आषाढसम्म तिर्नुपर्ने जम्मा |
|---|---|---|---|---|---|
| १ | संजिवनी स्कुल | ५२९८७८। | १५१३२।९७ | १२९३३।८८ | २८०६६।८५ |
| २ | भवन निर्माण | ४३१३३०७।९६ | १२८३०४।०८ | ८१५८७।६८ | २०९८९१।७६ |
| ३ | पसल भवन निर्माण | २२०९६३५।०० | ० | ८८६२७।५५ | ८८६२७।५५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | काभ्रे खानेपानी | ११४१२३६४४।८२ | ६४१७३६७।९४ | १४४०७७४९।०६ | २०८२५११७।०० |
| | जम्मा | १२११७६४६५।७८ | ६५६०८०४।९९ | १४५९०८९८।१७ | २११५१७०३।१६ |

नगरपालिकाले आ व २०७६।७७ सम्ममा ऋण रु.१२११७४६५।७८ को तिर्नुपर्ने साँवा र व्याज गरी रु.२११५१७०३।१६ बाँकी रहेकोमा नगरपालिकाले यस वर्ष काभ्रे खानेपानी को साँवा तथा व्याज वाहेक रु.३२६५८६।१६ तिरेको छ । सम्झौता बमोजिमको साँवा ब्याज समयमै भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## बजेट तथा कार्यक्रम

७. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख श्री बिमला कुमारी चौलागाई शर्माले मिति २०७६।३।१० गते रु.७८ करोड ४८ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.१ करोड ६० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट कार्यक्रम खर्च गर्ने गरेको पाइयो । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

९. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिती देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | धुलिखेल न.पा | ३२९३६७ | ५६२८४ | ६१३७३ | २११७१० | १४८६६५ |
| २ | संघीय कार्यक्रम | २५२४ | ० | १०७ | २४१७ | २४१७ |
| ३ | प्रदेश कार्यक्रम | १२८८९ | ० | ० | १२८८९ | १२७२ |
| | कूल खर्चः | **३४४७८०** | **५६२८४** | **६१४८०** | **२२७०१६** | **१५२३५४** |
| | खर्च प्रतिशत | | **१६.३२** | **१७.८३** | **६५.८४** | **४४.१९** |

१०. **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ।

| क्र सं | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| १. | नागरिकता सिफारिस | ११३५ | ११३५ |
| २. | घरबाटो सिफारिस | १५४९ | १५४९ |
| ३. | नाता प्रमाणित | ५३२ | ५३२ |
| ४. | जन्म मृत्यु दर्ता | ७७९ | ७७९ |
| ५. | अन्य | २२१ | २२१ |

११. **क्षेत्रगत वजेटः** नगरपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार देखिएको छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५४९२५००० | ४६३०६२८२ | ६.८२ |
| सामाजिक विकास | ३४३८८७००० | ३०४०४८२७३.५३ | ४४.८१ |
| पूर्वाधार विकास | २४९५९७००० | २२४४४८९८९.०६ | ३३.०८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२३४४००० | ७५५३२०४.९५ | १.११ |
| कार्य संचालन तथा प्रशासनिक खर्च | ११०१४९००० | ९६२२५४२३.८१ | १४.१८ |
| जम्मा | ७७०९०२००० | ६७८५८२१७३.३५ | १००.०० |

## संगठन तथा कर्मचारी ब्यवस्थापन

१२. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५५ जना पदपूर्ती भएको देखिन्छ ।

१३. **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७२ जना कर्मचारीहरु करारमा राखी रु.१२१३०३००।०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न १० पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.९१३०८६२।०० भुक्तानी गरेको अनियमित देखिएको छ ।

१४. **कल्याणकारी कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिदैन । मिति २०७६/४/1 पछिको नयाँ कर्मचारीको हकमा मात्र लागु हुने भएकोले पुराना कर्मचारी मात्र रहेको कारण एकमुष्ट ट्रान्सफर गरेको कार्यालयको भनाई रहेको छ ।

१५. **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष नपा तर्फका स्थायी अस्थायी तथा करारका कर्मचारीहरुलाई बिहान बलुका अतिरिक्त समय काम गरेको तथा फिल्ड निरीक्षण भत्तामा रु.२६२१६१६।५० खर्च गरेको छ ।

१६. **करार कर्मचारीलाई संचयकोष, बीमाः** नगरपालिकाले कार्यपालिकाको निर्णयबाट करार सेवामा कार्यरत १८ जना करार कर्मचारीहरुलाई शुरु तलबको १० प्रतिशत कर्मचारी संचयकोष र रु.४०० बिमा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बापत थप गरी तलब भत्ता भुक्तानी भएको देखिन्छ । नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त संघीय कानून बमोजिम हुनेगरी स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यपालिकाको निर्णयबाट १८ जना करार कर्मचारीहरुको कर्मचारी संचयकोष तथा बिमा बापतको रकम सुविधा भुक्तानी प्रचलित संघीय कानूनको सिद्धान्त र मापदण्ड बमोजिम स्वीकृत भएको नदेखिएकाले नगरपालिकालाई रु.६११४४८ थप व्ययभार परेको छ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १७. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले लेखापरीक्षण अवधिसम्म ३३ वटा ऐन, ८ नियमावली ३५ कार्यविधि, १ निर्देशिका र ५ वटा नर्म्स गरी जम्मा ८१ वटा कानुन निर्माण गरी कार्यान्वनमा ल्याएको छ । | |
| १८. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो बर्ष थप भएको ३८ गरी कुल ४१ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फछ्र्यौट भई ७ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको अन्तिममा मात्र आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २०. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१८ लाख खर्च गरेको छ । | |
| | **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २१. | **प्रदेश समपुरक अनुदानः** आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको प.सं.१३।२०७६।७७ च.नं.४५१ मिति २०७६।०९।०७ को पत्रमा स्थानीय तह र प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा ठेक्का व्यवस्थापन भएको अवस्थामा ठेक्का सम्झौता भएको ५० प्रतिशत रकम मात्र प्रदेश सरकारको लगानी हुने र प्रदेश सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । विपि राजमार्ग पातलेखेल नमुनाटोल तिनपिप्ले सडक निर्माण कार्यको लागी रु.१९९९४५५६।३१ को लागत अनुमान तयार गरी ठेक्का गरेकोमा सिनर्जी/ज्ञानज्योती जे भी संग रु.१३१४४२९७।८७ सम्झौता गरी बाँकी रहेको बचत रकम ६८५०२५८।४५ को ५० प्रतिशतले हुने रकम रु.३४२५१२९।२३ र रबि लिफ्ट सिंचाइ धुलिखेल २ को लागि रु.९९५५४९२ प्रदेश सरकारबाट समपुरक अनुदान प्राप्त भएकोमा सो आयोजनाको रु.२०१४१८८४।१० को लागत अनुमान तयार गरी ठेक्का अव्हान गरेकोमा यस वर्ष ठेक्का सम्झौता भएको नदेखिएकोले सो रकम रु.९९५५४९२।०० र | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विपि राजमार्ग पातलेखेल नमुनाटोल तिनपिप्ले सडक निर्माण कार्यको बचत रकम रु.३४२५१२९।२३ गरी जम्मा रु.१३३८०६२१।२३ प्रदेश संचित कोष दाखिला गर्नुपर्नेमा उक्त रकमबाट उपभोक्ता समितिबाट कार्य गराइ खर्च गरेको छ । | |
| २२. | **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.९८२३१२। खर्च गरेका छन । | |
| | **कर दस्तुर एवं आन्तरीक आय** | |
| २३. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २४. | **आम्दानीको स्थिति** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार महानगरले यस वर्ष विभिन्न शिर्षकमा रु.१६०७१८३६७.३८ आम्दानी गरेको देखिन्छ । | |

| सि नं | राजस्व संकेत | शीर्षक | अनुमानित आय | कुल आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ११३१३ | एकीकृत सम्पत्ति कर | ८०००००० | ९०८३१७९.७५ | ११३.५४ |
| २. | ११३१४ | भुमिकर/मालपोत | २०००००।०० | ११९०८८.०० | ५९.५४ |
| ३. | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४५०००००० | ४७५२१८७४.४१ | १०५.६० |
| ४. | ११३२१ | घरबहाल कर | ५००००००।०० | ५४४३८८१।९० | १०८.८८ |
| ५. | ११३२२ | बहाल बिटौरी कर | ५०००००।०० | १७०९४४।०० | ३४.१९ |
| ६. | ११४११ | बाँडफाँड भइ प्राप्त हुने मु.अ.कर | ७५०००००० | ४८२७१८२५.८३ | ६४.३६ |
| ७. | ११४५१ | सवारी साधन कर | १०००००।०० | ० | ०.०० |
| ८. | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५०००००। | २४१२३००।०० | ९६.४९ |
| ९. | ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २२१५८००० | १८३२८०३२.८७ | ८२.७२ |
| १०. | ११७७२ | बाँडफाँडाबाट प्राप्त हुने विज्ञापन कर | ३००००० | ० | ०.०० |
| ११. | ११६३२ | अखेटोपहारमा लाग्ने कर | ५००००।०० | ० | ०.०० |
| १२. | १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ५०००००।०० | ४७०३४४।०० | ९४.०७ |
| १३. | १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने आय | १५०००० | ० | ०.०० |
| १४. | १४२१८ | विद्युत सेवा शुल्क | ५०००००।०० | ६२४१५९।०० | १२४.८३ |
| १५. | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ४००००००।०० | ६३७१३५०।७५ | १५९.२८ |
| १६. | १४२२१ | न्यायिक दस्तुर | ५००००।०० | २७४७१।८४ | ५४.९४ |
| १७. | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५००००।०० | ६३०६७९।७५ | १२६१.३६ |
| १८. | १४२४१ | पार्किङ्ग शुल्क | १८०००००।०० | १०२३५००।०० | ५६.८६ |
| १९. | १४२४२ | नक्सापास दस्तुर | १४००००००।०० | १००१३३८४।९७ | ७१.५२ |
| २०. | १४२४३ | सिफारिस दस्तुर | ८००००००।०० | ३९१०४२६।६७ | ४८.८८ |
| २१. | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००।०० | ५९२९५।०० | २९.६५ |
| २२. | १४२४५ | नाता प्रमाणित दस्तुर | २०००००।०० | ८५३६३।०० | ४२.६८ |
| २३. | १४२४९ | अन्य दस्तुर | ६५०००००।०० | १६८९९९५।१८ | २६.०० |
| २४. | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | १११७७३५।४८ | ५५८.८७ |
| २५. | १४३१३ | धरौटी सदरस्याहा | ५०००००।०० | ०० | ०.०० |
| २६. | १४५२९ | अन्य राजस्व | ५०००००।०० | ५३३२९८।०० | १०६.६६ |
| २७. | १४६११ | व्यवसाय कर | ६०००००० | २८१०२३७।१६ | ४६.८४ |
| | | जम्मा | २०१९५८००० | १६०७१८३६७.३८ | ७९.५८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | नगरपालिकाले नगदी रसिदको विवरण पेश गरेको भएतापनि वडा कार्यालयहरुले कति प्रयोगमा ल्याइ | |

| कार्यालयको नाम : धुलिखेल नगपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| **दफा** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | वर्षको अन्त्यमा कति बाँकी छन् सो को अभिलेख नराखेको, नगरपालिकले प्राप्त भएको रसिदबाट एकमुष्ट जोड जम्मा गरी बैक दाखिला गर्ने गरेको पाइयो । रसिदबाट हुने आम्दानीको दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका म.ले. प. फारमहरु प्रयोग नगरेको कारण आम्दानी भिडान हुने अवस्था छैन । | |
| २६. | **रकम ढिला दाखिला गर्ने** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २ /३ महिना पछी मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान जानु पर्दछ । | |
| २७. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२८१०२३७.१६ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २८. | **विज्ञापन कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असुल गरी उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन। | |
| २९. | **कृषिमा आय कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर पालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् । | |
| ३०. | **वडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिकाले पेश गरेको वडागत आन्तरीक आम्दानीको विवरणमा वडाहरुको एकमुष्ट आम्दानी रु.५१९१२८४। गरेको देखाएकोमा शीर्षकअनुसार आम्दानी छुट्टिदैन । नगरपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं | कर |
|---|---|
| १ | २६७३१६ |
| २ | ८४७२०० |
| ३ | ३४१०३७ |
| ४ | ४७०३०९ |
| ५ | ३२४३०२ |
| ६ | ३३२१८८ |
| ७ | ३४७२४० |
| ८ | ४७४७३५ |
| ९ | ४३४७८१ |
| १० | २२५२५३ |
| ११ | ७१५८६६ |
| १२ | ४११०५७ |
| **जम्मा** | **५१९१२८४** |

| | | |
|---|---|---|
| ३१. | **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर | ११०१८७.५९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.११०१८७.५९ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | |

| सि नं | भौ नं मिति | पार्टीको नाम | जम्मा मु अ कर |
|---|---|---|---|
| १ | ८३९।०७७।३।१९ | शिवदेव कन्स्ट्रक्सन प्रा लि | ५४४०९.५२ |
| २ | ८४९।०७७।३।२१ | शिवदेव कन्स्ट्रक्सन प्रा लि | ५५७७८.०७ |
| | | जम्मा | ११०१८७.५९ |

**उपभोक्ता समिति मार्फत कार्य**

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौ न मिति | योजनाको नाम | समितिलाई भुक्तानी रकम | अन्य निर्माण व्यवसायी प्रयोग | समितिबाट भुक्तानी लिएको रकम |
|---|---|---|---|---|
| ४७२।०७६।११।१४ | खावा शिखर कटेरी ठुलिचौर कल्छे सडक | ६५००००। | ब्राइट नेपाल कन्स्ट्रक्सन | ७८८१७५। |
| ४८४।०७६।११।१९ | नया गाउ बस्ती पौडेल गाउ कुन्ताल सडक | ९६००००। | ब्राइट नेपाल कन्स्ट्रक्सन | ९६१०६५। |
| ९३५।०७७।३।२६ | ठुलिचौर एकलेखेत डिप बोरिङ्ग | २१४६६७१ | एसियन ड्रिलिङ्ग कम्पनी | २१४६६७१। |
| १०४५।०७७।३।३१ | काभ्रेभञ्याङ्ग खानेपानी (घाटखोला डिप बोरिङ्ग) | २१४६४७१ | निर ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन | २१४६७६१ |

**शिक्षा सशर्त चालु**

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३. | **शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| ३३.१. | **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले अवकाश प्राप्त देहायका विद्यालयलाइ शिक्षकहरुको अवकाश मिति पश्चात पनि निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने रु. | ३४१९११.९७ |

| सि न | शिक्षकको नाम | अवकाश मिति | निकासा हुनुपर्ने | निकासा भएको | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मा शि पुजन श्रेष्ठ | | | | ८२७६० | राजिनामा पत्र नभएको |
| २ | प्राविधिक शि श्री मनोज पुजारा | २०७६।४।२२ | २४०१३ | २०९७८० | १८५७६६।८५ | मंसिरसम्म |
| ३ | नि मा शि राहत श्री राजु बजगाई | २०७६।८।१८ | १८१२० | २२१४६।६७ | ४०२६।६७ | मंसिर महिनाको तलबमा |
| ४ | माशि प्रथम सानुकाजी महत | २०७६।५।१ | ० | ५५२७५।०० | ५५२७५।०० | चाडपर्व खर्च |
| ५ | प्रशिक्षक द्वि श्री संजिव नेपाल | २०७६।९।२० | ३१२९६।५५ | ४५३८०।०० | १४०८३।४५ | पौषमा ९ दिनको तलब |
| | | | | जम्मा | ३४१९११.९७ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३.२. | **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ ।तर नगरपालिकाले गो भौ नं १२२।३।८ बाट संजिवनी उच्च माध्यामिक विद्यालयलाइ बैशाख देखि आषाढसम्मको तलब वापतको रु.१५७६४०२।२० निकासा खर्च लेखेकोमा नि.मा.शि.द्वि. मन्जुदेवी अधिकारीको पारित ग्रेड भन्दा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एक ग्रेड बढी भएको ९ महिनाको रु.१२००।का दरले रु.११८८०।०० क.सं कोष थप सहित कट्टा गरी मात्र निकासा गर्नुपर्नेमा सो नगरेकोले बढी निकासा भएको रकम विद्यालयबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु. | ११८८० |
| ३३.३. | बैशाखदेखि अषाढ महिनाको तलब निकासा गर्दा १० वटा माध्यमिक विद्यालयलाइ बढी निकासा भएको रकम रु.८१८६२१।९५ मध्ये पूण संजीवनी लङखनामाइ मा.वि.लाई रु.२,१७,७१८।५० फिर्ता गर्न कार्यालयबाट पत्राचार भएकोमा उक्त विद्यालयले गो.भौ.नं.१९६।०७७।३।३० बाट रु.१,९६,०९५।२० मात्र दाखिला गरेको बैक भौचरबाट देखिएकोले कम दाखिला गरेको रकम रु.२१,६२३।३० असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु. | २१६२३।३० |
| ३४. | **फरक शिर्षक खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार एक शिर्षकमा विनियोजन भएको रकम सोही शिर्षक र कार्यक्रममा खर्च गर्नुपर्नेमा अन्य कार्यक्रममा खर्च गर्न स्वीकृत / समर्थन गर्ने गरेको देखिएको छ । विशेष परिस्थिति वेगर विनियोजित बजेट तोकिएको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गर्नु उपयुक्त देखिदैन । गो भौ नं १२७।२०७७।३।९ बाट नमुना मा.वि.को रुपमा छनौट भएको संजीवनी मा.वि.लाई नमुना विद्यालय अनुदान वापत रु.४६११५०/-निकासा गर्दा देहायको खर्च शिर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु. | ४६११५० |

| सि नं | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १४०००० |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ती (आवासीय तथा गैरआवासीय) | ३२११५० |
| | जम्मा | ४६११५० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । नगरपालिका मातहतमा रहेका देहायका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभी शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |

| क्र.सं. | विद्यालयको नाम | प्रा वि शिक्षक | १-५ विद्यार्थी | नि मा वि शिक्षक | ६-८ विद्यार्थी | मा वि शिक्षक | ९-१० विद्यार्थी | उ मा वि शिक्षक | ११- १२ विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गोल्मादेवी आ.वि. | 5 | 37 | 2 | 25 | 0 | 0 | 0 | 0 |
| २ | देवीस्थान मा.वि. | 9 | 81 | 0 | 54 | 0 | 31 | 0 | 0 |
| ३ | सेतदेवी मा.वि. | 10 | 119 | 3 | 66 | 5 | 49 | 2 | 9 |
| ४ | कालीदेवी प्रा.वि. | 1 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ५ | मण्डलीदेवी प्रा.वि. | 2 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ६ | पन्चकन्या आ.वि. | 10 | 69 | 1 | 25 | 0 | 0 | 0 | 0 |
| ७ | श्रीखण्डपुर प्रा.वि. | 4 | 28 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ८ | श्रीखण्डपुर मा.वि. | 8 | 101 | 3 | 87 | 7 | 74 | 2 | 16 |
| ९ | भैरव प्रा.वि. | 4 | 29 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १० | पूर्णसंजीवनी लं.मा.वि. | 10 | 81 | 5 | 91 | 7 | 86 | 2 | 48 |
| ११ | हरिसिद्धि आ.वि. | 7 | 33 | 2 | 17 | 0 | 0 | 0 | 0 |
| १२ | वालमन्दिर आ.वि. | 8 | 48 | 3 | 39 | 0 | 0 | 0 | 0 |
| १३ | संजीवनी मा.वि. | 11 | 114 | 4 | 224 | 11 | 281 | 8 | 225 |
| १४ | चक्रदेवी प्रा.वि. | 2 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १५ | छायालदेवी प्रा.वि. | 0 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १६ | सरस्वती मा.वि. | 9 | 54 | 4 | 44 | 3 | 54 | 0 | 0 |
| १७ | विनायकवाल आ.वि | 8 | 70 | 3 | 54 | 0 | 0 | 0 | 0 |
| १८ | नवज्योती प्रा.वि. | 3 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| १९ | दारिमबोटवाल प्रा.वि. | 2 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २० | वछलादेवी आ. वि. | 7 | 50 | 1 | 25 | 0 | 0 | 0 | 0 |
| २१ | करथरी मा.वि. | 6 | 29 | 4 | 39 | 1 | 25 | 0 | 18 |
| २२ | बालज्योति आ.वि. | 8 | 63 | 0 | 29 | 0 | 0 | 0 | 0 |
| २३ | कालिका मा.वि. | 8 | 80 | 3 | 57 | 3 | 53 | 0 | 0 |
| २४ | महांकाल आ.वि. | 5 | 39 | 1 | 23 | 0 | 0 | 0 | 0 |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | ठाकुर आ. वि. | 0 | 9 | 0 | 11 | 0 | 0 | 0 | 0 |
| २६ | कालीदेवी मा.वि. | 6 | 46 | 4 | 85 | 2 | 35 | 0 | 0 |
| २७ | हनुमान मा.वि. | 5 | 28 | 5 | 37 | 4 | 62 | 2 | 20 |
| २८ | शान्तिपुर प्रा.वि. | 3 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २९ | डांफे प्रा.वि. | 0 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३० | धनकाली प्रा.वि. | 2 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३१ | शंखेश्वरी प्रा.वि. | 3 | 40 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३२ | गणेशकालिका प्रा.वि. | 2 | 16 | 0 | 3 | 0 | 0 | 0 | 0 |
| ३३ | शंखेश्वरी माहालक्ष्मी मा.वि. | 8 | 61 | 3 | 84 | 5 | 49 | 0 | 0 |
| ३४ | सेतीदेवी प्रा.वि. | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३५ | वालचेतना प्रा.वि. | 3 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ३६ | थुछेछे छोर्ङान गुम्बा | 0 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| जम्मा | | 179 | 1469 | 53 | 1119 | ४८ | 799 | 16 | 336 |

उपर्युक्त विद्यालयहरुमा प्रा.वि तहका १६ वटा अधारभुत तहका ९ वटा र मा वि तहका ११ वटा गरी जम्मा ३६ छन् ।

३६. **अनुदान रकमको उपयोगः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफ २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकामा नियमानुसारको विद्यालयहरुलाई एकमुष्ठ रुपमा शिक्षालाई छुट्याइएको बजेट मध्ये निम्नानुसार विद्यालयलाई अनुदान निकासा दिएको छ । सो अनुदान रकमको बिल भरपाइ संलग्न छैन । अनुदान रकमको बिल भरपाइ तथा अनुगमन एवं उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. — बेरुजू रकम: १९५००००

| सि नं | गो भौ नं | विद्यालयको नाम | | रकम |
|---|---|---|---|---|
| २ | १२६।२०७७।३।९ | हनुमान मा वि ११ | पुसतकालय | ६५०००० |
| ३ | १२६।२०७७।३।९ | कालीदेवी मा वि ११ | आइसिटी | ६५०००० |
| ४ | १२६।२०७७।३।९ | सेतिदेवी मा वि २ | विज्ञान प्रयोगशाला | ६५०००० |
| | | | जम्मा | १९५०००० |

३७. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.१३,८१,३२४। खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| क.स | कार्यक्रमको नाम | परामर्शदाता | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | औद्योगिक ग्राम निर्माण | स्केल आर्किटेक्स प्रा.लि | ४८०००० | ४८०००० |
| २ | रबि लिफ्ट सिँचाई | नेपाल रिसोर्स इन्जिनियरिङ्ग | ४०६३०० | ४०६३०० |
| ३ | खानेपानी आयोजनाहरु | नेपाल रिसोर्स इन्जिनियरिङ्ग | ४९५०२४ | ४९५०२४ |
| | | जम्मा | १३८१३२४ | १३८१३२४ |

३८. **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आन्तरिक श्रोतबाट ४ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.१०४७६००।०० तथा १ थान चार पांग्रे सवारी साधन(हुपर टिपर) खरिदमा रु.१४२५०००।०० समेत रु.२४७२६००।०० खर्च गरेका छन् ।

| कार्यालयको नाम : धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| | नगरपालिकाले खरिद गरेको उक्त सवारी साधानहरु नगरपालिकाको नाममा नामसारीको लागि ०७७।९।२० मा यातायात व्यवस्था कार्यालयमा लेखि पठाएकोमा हालसम्म पनि नामसारी नभएकोले शिघ्र नामसारी गराउने तर्फ कारवाही गर्नु पर्ने देखिन्छ । | |
| ३९. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४४ जनालाई रोजगारी उपलव्ध गराई रु.११३९०००।०० खर्च गरेको छ । उक्त कार्यक्रम खर्च बाहेक रोजगार संयोजकको तलब रु ४२७०००। तथा प्रशासनिक खर्च रु ५००००। गरी यस कार्यक्रम अन्तर्गत कुल खर्च रु१६१६०००।०० भएको छ । यस वर्ष वडा नं १,२,४,६,७,१० र ११ कार्य संचालन भइ लक्षित वर्गलाई रोजगारी उपलब्ध गराउनु पर्नेमा देहायका वडाहरुमा सूचिकृत बेरोजगारलाइ काममा गराएको पाइएन । | |
| ३९.१. | वडा नं १० मा स्वास्थ्य चौकी र बाल मैत्री पार्कमा रंगरोगन कार्यको लागि १३ जना श्रमिकले कार्य गरी गो भौ नं १८८।०७७।३।२८ बाट रु २०००००।०० खर्च लेखेकोमा सूचिकृत बेरोजगार संख्या ५० जना मध्येको ४ जनाले मात्र रोजगार पाएको तथा अन्य ९ जना सूचिकृत नभएको व्यक्तिबाट कार्य गराएको पाइयो । डोर हाजिरमा १३ जनाको दस्तखत भएतापनि कहिले देखि कहिले सम्म कार्य गरेको तथा डोर हाजिर समेत प्रमाणित भएको पाइएन । | |
| ३९.२. | वडा नं ४ मा २८ किलोदेखि केयु चोक सम्म हरियाली प्रवर्धन कार्यको लागि १५ जना श्रमिकले काम गरी गो भौ नं १९२।०७७।३।२९ बाट रु १९३०००।०० खर्च लेखेकोमा सूचिकृत बेरोजगार संख्या ११२ मध्येबाट ३ जनाले मात्र रोजगार पाएको तथा अन्य १२ जना सूचिकृत नभएको व्यक्तिबाट कार्य गराएको पाइयो । | |
| ३९.३. | वडा नं ६ मा बाटोहरुको ड्रेन सरसफाइ कार्यको लागि ६ जना श्रमिकले काम गरी गो भौ नं १२८।०७७।३।१६ बाट रु २०००००।०० खर्च लेखेकोमा सूचिकृत बेरोजगार संख्या ६ मध्येबाट ६ जना नै सूचिकृत नभएको व्यक्तिबाट कार्य गराएको पाइयो<br>उपरोक्त खर्च लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४०. | **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी नगरपालिका मतहतका विद्यालयहरु तथा अध्यनरत विद्यार्थीहरुको तथ्याङक एंव परिक्षाको मार्क लेजर सहित विभिन्न व्यवस्थापन सम्बन्धि सफ्टवेयर नेपारिका टेक्नोलोजि प्रा लिबाट रु.१५८२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ४१. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| | **प्रदेश पूर्वाधार विकास कार्यक्रम** | |
| ४२. | प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत यस नगरपालिकामा २ परियोजना संचालन गर्न रु १०००००००।बजेट प्राप्त भएकोमा रु१०००००००। खर्च भई १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ। | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२.१. | धुलिखेल नयां बस्ती कोटभीर पाँवाटार सडक निर्माणको लागि रु६०००७३७।४२ को लागत अनुमानमा उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार सम्पन्न कामको मुल्याकंन बमोजिम रु.६००३२४२।२८ मा जनसहभागिताको अंश रु.१००३२४२।२८ कट्टा गरी भौ.नं ४।०७७।३।२९ बाट रु.५००००००।खर्च लेखेको छ । यस सडक निर्माणको लागत अनुमानमा बीमाको लागि लमसममा रु.२५०००।व्यवस्था गरेकोमा उपभोक्ता समितिलाई अन्तिम बिलमा रु.२५०००। नै उल्लेख गरी भुक्तानी गरेकोले बीमा गरेको बीमा पोलिसी र शुल्क तिरेको नगदी रसिद पेश गर्नु पर्नेमा बीमा पोलिसी तथा नगदी रसिद बिना नै बीमा रकम भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु. | २५००० |
| | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ४३. | **पूर्वाधार** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ३ परियोजना सञ्चालन गर्न रु.७५०००००। बजेट प्राप्त भएकोमा रु.७५०००००।खर्च भई १०० प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिश |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | ३ | ७५००००० | ७५००००० | १०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **नगरपालिका पुँजिगत** | |
| ४४. | **कृषि अनुदानः** गत बर्षको कार्यक्रम अनुसार ५० प्रतिशत कृषि अनुदानको खर्च हुन नसकेको कारण यो बर्ष सभाबाट भुक्तानी बांकी बजेट स्वीकृत गरी भौ नं २९।०७६।५।२२ बाट ओम सत्य साई मेसिनरी ट्रेड बनेपा काभ्रेलाई रु १८३०९००। भुक्तानी गरेको छ।बिभिन्न कृषि औजारहरु मिनि टेलर, धान कुट्ने र मकै छोडाउने मेसिन आदी खरिद गरी रु ३६६१८००। को ५० प्रतिशत नगरपालिकोले खर्च व्यहोरेकोमा देखिएको व्यहोरा निम्न छन । | |
| ४४.१ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था गरेकोमा नगरपालिकाले स्वीकृत कृषि अनुदानको रकमबाट नियमावलीमा व्यवस्था गरेको खरिद बिधि बोलपत्रबाट खरिद गर्नु पर्नेमा सिधै ३ वटा कम्पनीहरुबाट दररेट लिइ सब भन्दा कम दररेट पेश गर्ने ओम सत्य साइ ट्रेडमा खरिद गरी भुक्तानी गरेकोले नियम विपरित खरिद प्रक्रिया अपनाइ खरिद गरेको नियम सम्मत नदेखिएको रु. | १८३०९०० |
| ४४.२ | कृषि औजार खरिदमा अनुदान चाहने कृषकहरुको निवेदन संकलन गरी उपयुक्त विधिको आधारमा छनौट समितिबाट कृषकहरुको छनौट गरेको देखिएन । नगरपालिकाको सिफारिसमा सत्य साई मेसिनरी ट्रेड बनेपाबाट उक्त सामान वितरण गरेको भन्ने नगरपालिकाको भनाई रहेको छ । | |
| ४५. | **कृषि धान अनुदानः** बिभिन्न जातको धानको बिउ खरिद गरि कृषकहरुलाई ५० प्रतिशत अनुदानमा बितरण गरेको भनि निम्न आपुर्ति कर्ताहरुको बिल अनुसार खरिद बिलको ५० प्रतिशत रकम मात्र रु.४५७४००/- भुक्तानी गरेको देखियो । धानको बिउ कृषकहरुलाई कुन आधारमा कसरी बितरण गरियो, भरपाइ व्यवस्थित भएको देखिएन । | |

| भौ न मिति | आपूर्ति कर्ता | धानको विवरण | परिमाण के जि | दर | रकम ५०% |
|---|---|---|---|---|---|
| ५९१।०७७।१।२६ | किउल नमुना कृषि फर्म | खुमल ४ | ६००० | ११० | ३३००००। |
| ५९४।०७७।१।२६ | मसला बाली विकास केन्द्र पांचखाल | खुमल ८ | ६४० | ८० | २५६००। |
| | नेपाल कृषि अनुसन्धान परिषद | खुमल ४ | २०० | ११५ | ११५००। |
| | एभरेष्ट सिड कम्पनी | खुमल ४ | १५०५ | १२० | ९०३००। |
| | | | | जम्मा | ४५७४०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **कृषि औजार खरिद तथा बितरणः** नगरपालिकाले ५० प्रतिशत अनुदानमा बिभिन्न कृषि औजार तथा यन्त्रहरु खरिद गरेको बिल तथा सो कृषि औजार तथा यन्त्र कृषकहरुलाई वितरण गरेको भरपाइको आधारमा निम्न अनुसार खर्च गरेकोमा देखिएको व्यहोरा निम्न छन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ न मिति | आपूर्तिकर्ताको नाम | औजार तथा यन्त्र | परिमाण | इकाइ दर | जम्मा मुल्य | ५० प्रतिशत जम्मा मुल्य |
|---|---|---|---|---|---|---|
| १०५१।०७७।३।३१ | ओम सत्य साइ मेसिनरी ट्रेड | च्यापकटर | ४० | ३०००० | १२००००० | ६००००० |
| १०७०।०७७।३।३१ | ओम सत्य साइ मेसिनरी ट्रेड | मिनिटेलर | ६० | ४०००० | २४००००० | १२००००० |
| १०७१।०७७।३।३१ | ओम सत्य साइ मेसिनरी ट्रेड | प्याडल थ्रेसर | २१ | १२००० | २५२००० | १२६००० |
| १०७२।०७७।३।३१ | ओम सत्य साइ मेसिनरी ट्रेड | औषधि स्प्रे पम्प | ९८ | ३८०० | ३७२४०० | १७४००० |
| | | जम्मा | | | ४२२४४०० | २१००००० |

४६.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैं गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोभैं खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले कृषि औजार तथा यन्त्रहरु रु.४२४४०००। को नियम विपरित हुने गरी सोझै खरिद गरेको तथा एउटै आपूर्तिकर्तासंग मात्र खरिद गरेको नियम सम्मत देखिएन ।

४६.२. खरिद गरेको कृषि औजार तथा यन्त्र ५० प्रतिशत अनुदानमा कृषकहरुलाई वितरण गर्नु पूर्व कृषकहरु छनौट गरेको आधार नभएको भरपाइको आधारमा बितरण गरेको भनी खर्च गरेकोले कृषकको छनौट समितिको निर्णय तथा छनौट प्रमाण पेश गर्नु पर्ने र वितरण पछि गर्नु पर्ने अनुगमन गरेको प्रतिवेदन समेत पेश नगरेको छैन ।

४७. **गोठ सुधारः** वडा नं १, २ र ३ मा ३१ जना कृषकहरुलाई रु.१३०००।का दरले गोठ सुधारको लागि रु ४०३०००।र १५ जना कृषकहरुलाई रु. ५०००।का दरले खोर सुधारको लागि रु. ७५०००।गरी रु. ४७५०००।भुक्तानी गरेकोमा कृषकहरुले गोठ सुधार गरेको सम्पन्न प्रतिवेदन तथा कृषकहरुले गोठ सुधार गरेको अनुगमन प्रतिवेदन तयार गर्नु पर्नेमा सो गरेको देखिएन तसर्थ कार्य सम्पन्न प्रतिवेदन लगायत अनुगमन गराउनु नगरपालिकाले ध्यान दिनु पर्दछ ।

४८. **अनुत्पादक क्षेत्रमा खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नगरपालिकाले निम्नानुसारको कार्यक्रममा खर्च गरेको देखिन्छ ।

| भौ न मिति | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| ४१।०७६।५।३१ | तिज कार्यक्रममा भएको खर्च | ७०७५०। |
| ११०।०७६।६।२९ | सेतीदेवी मा वि संस्कृती कार्यक्रम | २५०००। |
| ११४।०७६।७।१ | वडा नं ७ मेयर कप फुटबल प्रतियोगिता | ४४०००। |
| ११८।०७६।७।१ | धुलिखेल समाज धरान र इटहरीलाई आर्थिक सहयोग | १००००००। |
| १५४।०७६।७।२९ | आकास भैरब क्लबलाई मेयर कप | २०००००। |

४९. **नापी कितावः** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नु पर्दछ । नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रूपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माणकार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजाँच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताबमा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।

५०. **बढी भुक्तानीः** जरणडाँडा बाटोमा च्याम्बरमा पाइप जोड्ने कार्य ए आर निर्माण सेवाले सम्पन्न गरेको प्राविधिक मुल्यांकन बिल अनुसार भौ नं २०९।०७६।८।१७ बाट रु ४८४१६३। भुक्तानी गरेको छ । २०० मि मि ६ के जी को एच डि पि पाइप १०८ मिटरको प्रति मिटर रु २४००मा मुल्य — ३१७६६

| कार्यालयको नाम : धुलिखेल नगपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| | अभिबृद्धि कर थप गरी रु २७१२।को दरमा लागत अनुमान स्वीकृत गरेको देखियो । उक्त साइजको पाइपको जिल्ला दरमा मुल्य अभिबृद्धि कर थप गरी रु २४१७।८७ मात्र हुने भएकोले प्रति मीटर रु २९४।१३ बढी दर कायम गरी रु ३१७६६।नगरपालिकालाई बढी व्यय भार पारेको देखिएको रु. | |
| ५१. | **बढी भुक्तानीः** वडा नं १ का वडा स्तरिय बाटो मर्मतको लागि बि पि कन्स्ट्रक्सन एण्ड सप्लायर्स बनेपाले कार्य सम्पन्न गरेको मुल्यांकन अनुसार भौ नं १२८। ०७६।७।१७ बाट रु २९१४२५। भुक्तानी गरेको छ । निर्माण व्यवसायीले ३९२४ घ मी पहिरो सफा गर्न दररेट पेश गर्दा मुल्य अभिबृद्धि कर समेत रु ७०।मा गर्न कबोल गरेकोमा नगरपालिकाले प्रति घ मी रु ७४।२४१ को दरले निर्माण व्यवसायीलाई भुक्तानी गरेको देखियो।निर्माण व्यवसायीले कबोल दरमा रभुक्तानी गर्नु पर्नेमा प्रति घ मी रु ४।२४१ बढी हुने गरी भुक्तानी गरेकोले रु.१६६४१।६८ बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु. | १६६४१.६८ |
| ५२. | **बीमा बिलः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेको छ । नगरपालिकाले निम्न योजनाको निर्माण काम गर्दा उपभोक्ता समितिलाई सम्झौतामा उल्लेख गरेको बीमा तथा ल्याव टेष्ट वापतको रकम समितिले बीमा गरेको तथा निर्माण सामाग्रीहरुको ल्याव टेष्ट गरेको प्रमाण पेश नगरी भुक्तानी गरेकोले बीमा तथा ल्याव टेष्ट गरेको प्रमाण वेगर भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | १५०००० |

| भौ न मिति | योजनाको नाम | बीमा तथा ल्याव टेष्ट | रकम |
|---|---|---|---|
| ५१५।०७६।१२।२९ | बि पि राजमार्ग डांडा कल्छे सडक | बीमा<br>ल्याब टेष्ट | २५०००।<br>२५०००। |
| ५२७।०७७।२।३० | धुलिखेल शारदाबतासे सडक | बीमा | २५०००। |
| १०२९।०७७।३।३० | बनेपा रबिओपी पांचखाल सडक | ल्याब टेष्ट | २५०००। |
| ५६५।०७६।१२।९ | पि पि निर्माण सेवा- पोखरी चौरी देविस्थान पार्क | ल्याव टेष्ट | ५००००। |
| | | जम्मा | १५०००० |

| | | |
|---|---|---|
| ५३. | **बढी भुक्तानीः** गत विगत वर्षको निर्माण व्यवसायी शिवदेब कन्स्ट्रक्सनलाई भुक्तानी दिदां कट्टा गरेको धरौटी रकम खातामा जम्मा नगरी नगरपालिकाको संचित कोषमा नै रहेको र निर्माण व्यवसायीको माग भएकोले रु.१४७६७२। फिर्ता भुक्तानी गरेको देखियो ।तत्कालिन गोश्वारा भौचर अनुसार आर्थिक वर्ष ०७२।७३ को भौ.नं.२२५।०७३।३।२४ बाट रु.१२२४६२। धरौटी कट्टा गरेको र भौ.नं ९७।०७२।११।१९ बाट रु.११७५१।६५ गरी जम्मा रु.१३४२१३।६५ मात्र धरौटी कट्टा गरेको देखिएकोले निर्माण व्यवसायीलाई रु.१३४५८।३५ बढी धरौटी वापतको रकम भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | १३४५८।३५ |
| ५४. | **नर्म्स भन्दा बढीः** खावा शिखर कटेरी ठुलीचौर कल्छे सडक निर्माणको उपभोक्ता समितिलाई भौ नं ४७२।०७६।११।१४ बाट रु ६५००००। भुक्तानी गरेको मध्ये १० सि एम खोलाको ग्राभेल रोडमा बिच्छाउने सब बेसकोर्स ९ ब मी प्रति रु १७६५।६० को दरले रु.१५८९०।४० भुक्तानी गरेको देखियो । नगरपालिकाले प्राविधिकबाट तयार गरेको दर बिश्लेषण अनुसार सो कामको लागी प्रति ब मी रु.२०८।१६ मात्र उल्लेख गरेकोले रु.१५५७।४४ को दरले हूने रु.१४०१६।९६ बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु. | १४०१६।९६ |
| ५५. | **बढी दरमा भुक्तानीः** विभिन्न वडा अन्तगर्त विभिन्न स्थानहरुमा संचालित योजनामा निर्माण काम सम्पन्न गरेको प्राविधिक मुल्यांकन अनुसार उपभोक्ता समितिलाई निम्न भौ न तथा मितिबाट भुक्तानी गरेको मध्ये निम्न कामको लागि स्वीकृत जिल्ला दरमा तोकिएको मुल्य भन्दा बढी दरमा भुक्तानी गरेकोले बढि दरमा भुक्तानी गर्न पर्ने कुनै आधार नदेखिएकोले बढी दरमा भुक्तानी रकम निम्न अनुसार असुल गर्नु पर्ने रु. | ६९२५१ |

| भौ न मिति | योजनाको नाम | कामको विवरण | परिमाण | भुक्तानी दर | जिल्ला दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ८९३।०७७।३।२४ | के यू अघोरी बाबा मार्ग | २० इन्च डाया राउण्ड मेनहोल कभर स्वायर फ्रेम सहित १०० के जी | ७ थान | १५९९४।०२ | १५१५४ | ५८८०। |
| ८०५।०७७।३।१६ | धुलिखेल रविओपि देविटार सडक १ | ह्युम पाइप एन पि ३ को ४५० मि मि १५ मिटर | १५ मि | ६३७४।२३ | ५७६१।७ | ९१८७। |
| | | ह्युम पाइप एन पि ३ को ६००मि मि १५ मिटर | ७ .५ | ८४२३।९४ | ७६२५। | ५९९१। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ३०८।०७६।९।२२ — पिडडांडा फस्कोट सडक — आर सि सि १. २. ४ रोड बेड — ३२.१८ घ.मी — १६२३६।३० — १४७३८।६८ — ४८१९३।४<br>जम्मा — ६९२५१ | |
| ५६. | **संखु खानेपानी योजनाः** वडा नं १२ मा यो खानेपानी योजना रु ४८०२४६९।को लागत अनुमानमा उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार सम्पन्न कामको प्राविधिक मुल्यांकन गरी भौ न १०४१।०७७।३।३१ बाट रु ४८०००००। भुक्तानी गरेको छ।योजनामा यो वर्ष ११८८४ मिटर पाइप लाइन जडान काम र २४० धाराको लागी आवश्यक निर्माण सामान खरिद गरेको देखियो।उपभोक्ताको निजी धाराको लागी आवश्यक सामाग्रीहरु उपभोक्ताले स्वयम उपलब्ध गराउनु पर्नेमा सो खर्च समेत नगरपालिकाबाट व्यहोरेको कारण एक धाराको आबश्यक सामाग्रीको मुल्य रु ६२९७।४८ को दरले रु १५११३९५। खर्च नगरपालिकालाई थप व्ययभार पर्न गएको छ । | |
| ५७. | **बीमा गराउनु पर्नेः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्य , कुनै व्यक्तिलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा त्यसको क्षतिपूर्तिको लागि र कुनै सम्पत्तिमा भएको हानि नोक्सानीको बीमा गर्न् पर्ने उल्लेख गरेको छ । बनेपा रविओपी पांचखाल सडक निर्माणको उपभोक्ता समितिले सम्झौतामा उल्लेख गरेको रु २५०००। बाट ४० जना कामदारको प्रति व्यक्ति रु २०००००।को बीमा गरेको प्रमाण तथा शुल्क बुझाएको नगदी रसिदको आधारमा नगरपालिकाले भौ नं १०२९।०७७।३।३० बाट रु २५०००। भुक्तानी गरेकोले नियमावलीमा उल्लेख गरेको उद्धेश्य अनुसार नभएको यस्ता बीमा वापतको भुक्तानी नगर्नु पर्नेमा उद्देश्य बिपरित गरेको बीमा रकम नगरपालिकाले भुक्तानी गरेको देखियो । | |
| ५८. | **भेरिएसन आदेशः** सार्वजनिक खरिद नियमावली २०६३ को नियम ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यानवयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिन सक्नेछ भनी उल्लेख गरेकोमा नगरपालिकाले बनेपा रबिओपी पांचखाल सडक निर्माणको उपभोक्ता समितिले सम्झौता अंक रु.५९९९७२३।८९ को ८०.७२ प्रतिशत रु.४८९३१०९।बराबरको मात्र कार्य सम्पन्न गरेको अवस्थामा भौ नं १०२९।०७७।३।३० बाट भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । सम्झौता भन्दा १९.२८ प्रतिशत घटि कार्य सम्पन्न गरेको अवस्थामा कारण सहितको भेरीएसन आदेश स्वीकृत गराउनु पर्नेमा कारण सहितको भेरिएसन स्वीकृत नगरि निर्माण कार्य सम्पन्न गरेको नियमसम्मत नभएको । | |
| ५९. | **बढि भुक्तानीः** बनेपा रबिओपी पांचखाल सडक निर्माणको उपभोक्ता समितिलाई सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार भौ नं १०२९।०७७।३।३० बाट रु.४६९३१०७।८४ भुक्तानी गरेको छ । सो सडक निर्माणको लागत अनुमान गर्दा माटो फिलिङ्ग कार्य गर्न लमसम रु.२००००। व्यवस्था गरे अनुसार सम्झौता गरी सम्पन्न कामको प्राविधिकबाट मुल्यांकन गर्दा फिलिङ्ग कार्य गरेको भनी लमसममा रु.३५००००। उल्लेख गरे अनुसार नगरपालिकाले समितिलाई भुक्तानी गरेकोले लागत अनुमान तथा सम्झौतामा उल्लेख रकम भन्दा रु.३३००००।बढि भुक्तानी गरेको रु. | ३३०००० |
| ६०. | **पाइप खरिदः** काभ्रेभञ्ज्याङ्ग खानेपानी योजना अन्तर्गत घाटखोला डिप बोरिङ्ग तथा पाइप लाइनको कामको लागि उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार यो वर्ष पहिलो रनिङ्ग बिलको भौ नं १०४५।०७७।३।३१ बाट रु.४३५००००। खर्च गरेको छ । उक्त खर्च रकमबाट डिप बोरिङ्गमा रु.२१४६४७१।र एच डी पी पाइप २२७५० मिटर खरिदमा रु.२९२३२०८ खर्च गरेको छ । उपभोक्ता समितिले खरिद गरेको पाइप योजनामा प्रयोग नगरी कार्यालयमा मौज्दात राखेको पाइयो । | |
| ६१. | **अधुरा आयोजना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.५५८४७९८७ का ६ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| भौ न मिति | योजनाको नाम | सम्झौता रकम | भुक्तानी भएको | सम्पन्न गर्नु पर्ने |
|---|---|---|---|---|
| ६३१।०७७।२।२१ | शान्तिपुर एकिकृत खानेपानी-समिति | २६३९६१३ | १८५७६५३ | ०७७।२।२८ |
| ७३९।०७७।२।३२ | सितलबस्ती ठुलिटार सडक-समिति | ८२२६७४५ | ४७२११४०० | ०७७।३।२० |
| ८७५।०७७।३।२३ | हात्तिगौडा हबेली सडक स्तरोन्नती-समिति | ४०६१४०६ | १८०७७०० | ०७७।३।२० |
| १०२२।०७७।३।३० | बानियाछाप हनुमानखर्क एकिकृत खानेपानी यो.स | २८७९५४७ | १३३४३३७ | ०७७।३।२८ |
| ७१७।०७७।३।२९ | भट्टीडाडा सडक निर्मा -समिति | ९५९९५०१ | २४००००० | ०७७२।२ |
| ७८९।०७७।३।१० | सपिङ्ग कम्प्लेक्स-ए के निर्माण से | १४५२४९१ | १२३६८९७ | ०७७।३।१५ |
| | जम्मा | | ५५८४७९८७ | |

६२. **सडक बोर्डः** धुलिखेल नगरपालिकाको भित्र १२.५ कि,मि. पक्की सडक निर्माणको लागि रु. २७५४१९६४।९४ को बहु बहुवर्षिय कार्यक्रम स्वीकृत गरी रु. २१०७८६१४। लागत अनुमानमा पहिलो पटक २०७५।६।१२ मा सिलबन्दी बोलपत्र आह्वान गरेकोमा पर्न आएको बोलपत्रहरु कानुन बमोजिमको प्रक्रिया पुरा नभएको भनी रद्द गरेको र पुनः ०७५।८।२४ मा दोस्रो पटक ०७५।१२।१८ मा तेस्रो पटक प्रकासित सुचनालाई समेत रद्द गरेकोमा रद्द गर्नको कारण उल्लेख गरेको प्रमाण पेश भएन।चौथो पटक ०७६।१।१० प्रकासित सिलबन्दी बोलपत्र सुचना अनुसार खरिढुङ्गा विजय शिवदेव जे भी एक मात्र बोलपत्र परेको निजले कबोल गरेको रु. २०९०८२२०।५० मा २०७८।३।३० मा सम्पन्न गर्ने गरी ०७६।३।३१मा सम्झौता भएको छ ।यो वर्ष तेस्रो रनिङ्ग बिलसम्म रु १३४८१७४३।९९ भुक्तानी गरेको छ।योजनामा सडक बोर्डले ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत व्यहोरिने उल्लेख भए अनुसार रु.१२८७८०००।को बार्षिक कार्यक्रम अनुसार सडक बोर्डबाट यो बर्ष रु.९००००००। निकासा लिनु पर्नेमा रु.२७०००००। मात्र निकासा भएकोले बांकी रु.६३,००,०००। निकासा लिइ नगरपालिकाको तर्फबाट भएको खर्चको हिसाब समायोजन गर्नुपर्दछ ।

६३. **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०मा कार्य सम्पादन जमानतको मान्य अवधि सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख गरेको छ ।सपिङ्ग कम्प्लेक्स निर्माणका निर्माण व्यवसायी ए के निर्माण सेवासंग भएको समझौता अनुसार रु.१४५२४९१।१७ कबोल अंकमा ०७७।३।१५ भित्र कार्य सम्पन्न गर्नु पर्नेमा पहिलो रनिङ्ग बिलसम्म भौ नं ७८९।०७७।३।१० बाट रु.१२३६८९७।भुक्तानी गरेको छ ।निर्माण व्यवसायीले सम्झौता अवधि भित्र कार्य सम्पन्न गर्न सकेको छैन ।निर्माण व्यवसायीले सम्झौता गर्नु पहिले पेश गरेको कार्य सम्पादन जमानत बैकबाट जारी गरेको रु २५७०७८।को २०७६।१२।६ देखि २०७७।३।१५ सम्म अवधि भएको बैंक ग्यारेन्टी पेश भएको छ। नियम अनुसार बैंक ग्यारेन्टीको अवधि नपुग भएकोले कार्य सम्पादन जमानत बैक ग्यारेन्टीको अवधि बढाउने तर्फ नगरपालिकाले कारवाही गरेको देखिएन ।

६४. **ठेक्का फाइलः** देवीस्थान पार्क निर्माणको लागिको निर्माण व्यवसायी पि पि निर्माण सेवा पोखरी चौरी काभ्रे संग रु.१२२८८२०३।२१को लागतमा ठेक्का सम्झौता भएकोमा सम्झौता बमोजिम सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार अन्तिम बिलसम्मको रु.१२३७९४४०।५८ भौ नं ५६५।०७६।१२।९ बाट खर्च गरेको छ ।

| भौ न मिति | विल संख्या | भुक्तानी रकम |
|---|---|---|
| १।०७६।३।२५ | पेश्की | २१०००००। |
| ७६।०७६।६।१२ | पहिलो | ४०२०७४०। |
| २८७।०७६।९।१५ | दास्रो | २१८०४८०। |
| ४४९।०७६।११।०७ | तेस्रो | १२१८९००। |
| ५६५।०७६।१२।९ | अन्तिम | २८५९३२०। |
| | जम्मा | १२३७९४४०। |

६४.१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न

| कार्यालयको नाम : धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| | प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख भएकोमा कार्य सम्पन्न प्रतिवेदन तयार गरको छ । उक्त पार्कको स्थलगत निरिक्षणमा देविस्थान पार्क माथी जाने भर्‍याङ,वाल,भुई लगायत बिभिन्न ठाउमा चर्केको देखियो । अन्तिम बिलको भुक्तानी मितिको आधारमा त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भइ सकेकोले हाल सम्म पनि उक्त चर्केको ठाउमा मर्मत गरेको देखिएन नगरपालिकाले यस तर्फ ध्यान दिनु पर्दछ । | |
| ६५. | **सभाहल निर्माणः** ५०० क्षमताको सभाहल निर्माणको लागि रु.९७५१०३०।को लागत अनुमानमा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धासबाट भन्दा कम कबोल गर्ने जन आर्दश निर्माण सेवाको कबोल अंक रु ७००४८९५।३० मा ०७६।२।२४ मा ठेक्का सम्झौता भएको देखियो ।उक्त सम्झौता अनुसार निर्माण व्यवसायीले सम्पन्न गरेको कामको प्राविधिक मुल्याकंन अनुसार अन्तिम बिल सम्मको रु.९८३६११। भेरिएसन समेत जम्मा रु.७९८००८०। भौ.नं.४०४।०७६।१०।२२ बाट खर्च गरेको छ। निर्माण व्यवसायी संग गरेको सम्झौतामा निर्माण १० महिना भित्र कार्य सम्पन्न गर्नु पर्ने उल्लेख र ठेक्का बिल तथा नापी किताबमा उल्लेख गर्नु पर्ने बिवरणका साथै काम शुरु मिति सम्पन्न मिति र नापी गरेको मिति उल्लेख नगरेको कारण योजनाको निर्माण काम सम्झौता अवधिमा नै सम्पन्न भयो भएन एकिन गर्न सकिएन । | |
| ६६. | **बाटो निर्माणः** महालक्ष्मी टोल बिकास संस्था वडा नं ५ मा बाटो तथा ढल निर्माणको उपभोक्ता समितिलाई प्राविधिक मुल्याकंन अनुसार रु.१०३१३८९।९७ मा उपभोक्ताको जनसहभागिता रु.४३१३८९। कट्टा गरी भौ.नं. ७४०।०७७।३२ बाट रु.६०००००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन । | |
| ६६.१. | २२ इन्च डाया मिडियम क्लास १२५ के जि को १० थान मेनहोल कभर प्रति रु.२१९१८।६१ को दरमा मुल्य अभिबृद्धि कर रु.२५२१।६१ समेत समाबेस भएकोले १० थानको लागि रु.२५२१६।१० मुल्य अभिबृद्धि कर रकम समेत उपभोक्ता समितिलाई भुक्तानी भएको देखियो।उपभोक्ता समितिले उक्त मेनहोल खरिद गर्दा जम्मा रु.२०१३३।१० मात्र मुल्य अभिबृद्धि कर भुक्तानी गरेको आपुर्तिकर्ताको बिल समावेश गरेकोले रु.५०८३। बढी मुल्य अभिबृद्धि कर उपभोक्ता समितिलाई भुक्तानी गरेको रु. | ५०८३ |
| | **प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम पुँजीगत तर्फ** | |
| ६७. | **चौकोट सडक निर्माणः** धुलिखेल न पा ११ मा श्रीखण्डपुर चौकोट कुप्स डाँडा सडक निर्माण कार्यक्रम अन्तर्गत ग्राभेलिङ्ग सडक तथा ड्रेन निर्माणाको लागि रु.९९९७५२५ को लागत अनुमान स्वीकृत गरी राष्ट्रिय पत्रिकामा सुचना प्रकाश गरी इ विडिङ्ग गरेकोमा दुइमात्र निर्माण व्यवसायीले आवेदन गरेकोमा २ मध्य यु एस कन्स्ट्रकसन्सले विथड्र गरेको कारणले बाँकी रहेको एकमात्र निर्माण व्यवसायी विजय स्ट्रक्चर प्रा लि ले कबोल गरेको रु.९४६९८२९।४० मूअक तथा कन्टिन्जेन्सी समेत को स्वीकृत भइ कार्य गरेकोमा मिति २०७७।३।३१ मा रु.९४६९२०७।५८ को कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् | |
| ६७.१. | सम्झौता बोजिम कार्य सम्पन्न गर्ने समयावधी भित्र नै सकिएको कामको कार्यालयका प्राविधिकबाट नाप जाँच गरी सोही आधारमा कार्यसम्पान्न प्रतिवेदन तयार प्रमाणित गरी मात्र भुक्तानी दिनुपर्नेमा नापी किताबमा उक्त सडक निर्माणको नापजाँच गरेको मिति उल्लेख नगरी कार्य सम्पन्न प्रतिवेदनमा समेत ढाँचाअनुरुपको विवरण नभरि काम तथा रकम मात्र प्रविष्टी गरेको पाइयो । | |
| ६७.२. | उक्त निर्माण व्यवसायीलाइ गो.भौ.नं.५।२०७७।३।३१ बाट बिमा वापत भुक्तानी भएको रु.३००००।०० को कर बिजक पेश नभएको रु. | ३०००० |
| ६७.३. | उक्त निर्माण व्यवसायीसँग सम्झौता गर्दा पि एस आइटममा रु.३९०० मू अ कर समेत जोडी भुक्तानी भएको मू अ कर रकम असुल गर्नुपर्ने . | ३९०० |
| ६७.४. | उक्त निर्माण व्यवसायीलाइ भुक्तानी भएको ल्याव टेष्टको रिपोर्ट सँलग्न भएता पनि सो को बिल संलग्न नगरेको रु. | ३३९०० |
| ६८. | जाल्पादेवी थपलिया चोक सडक पिच गर्ने कार्यको लागि रु.३५९९७९०।४१ को लागत अनुमान | |

| कार्यालयको नाम : धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । आ.व. २०७६।७७ | | |
|---|---|---|
| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| | तयार गरी छापगाउँ ढल तथा बाटो निर्माण उपभोक्ता समितिसँग मिति २०७७।३।५ मा रु.३५९९७९०।०० मा कन्टिन्जेन्सी रु.९००००।०० बाहेक रु.२९१०००० नगरपालिकाले व्यहोर्ने तथा ५९९७९०।४१ जनश्रमदान गर्ने गरी सम्झौता भइ मित २०७७।३।२० मा रु.३५९९६०२।६० को कार्य सम्पन्न पेश भएको पाइयो सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् । | |
| ६८.१. | नगरपालिकाले गो.भौ.नं ६।२०७७।३।३१ मा कार्यसम्पन्न प्रतिवेदन मुल्यांकनमा कन्टिन्जेन्सीवापत रु.१०४८४३।९५ देखाएकोमा भुक्तानी गर्दा उपभोक्ता समितिलाइ रु.३००००००।०० बजेट खर्च लेखी ९००००।०० मात्र कन्टिन्जेन्सी कटाइ बाँकी भुक्तानी भएकोमा कन्टिन्जेन्सी रकम रु.१४८४३ समेत बढी हुनेगरी उपभोक्ता समितिलाइ भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल गरी प्रदेश संचित कोषमा दखिला गर्नुपर्ने रु. | १४८४३ |
| ६८.२. | उक्त उपभोक्ता समितिलाइ ल्यावटेष्टको बिल संलग्न नगरी भुक्तानी भएको रु.२००००।०० को बिल पेश गर्नुपर्ने रु. | २०००० |
| ६८.३. | पि एस आइटममा मू अ कर समावेश गर्न नमिल्नेमा ल्यावटेष्ट वापत रु.२००००।०० को मूअ कर समेत जोडी भुक्तानी भएको रकम रु.२६००।०० उपभोक्ता समितबाट असुल गर्नुपर्ने रु. | २६०० |
| ६९. | **भेरियसन आदेशः** नगरपालिकाले उपभोक्ता समितिलाइ लागत अनुमान, सम्झौता तथा नाप जाँच समेत नभएको कार्यसम्पन्न प्रतिवेदनमा मात्र थप भएको काम सि नं ६ को providing and laying sand seal को १९७२ व मी को रु.१२१।५१ को दरले हुने रु.२५६५६१।०५ र सि नं ७ को Providing and applying thermoplastic road marking painting including brooming and cleaning etc १ job को रु.१७५२०।०० गरी जम्मा रु.२७४०८१।०५ को भेरियसन आदेश नभएको तथा नापी किताबमा समेत नचढेको कामको भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | २७४०८१.५ |
| | **नगरपालिका चालु** | |
| ७०. | **नाफामूलक संस्थालाई अनुदानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले ५८०-२०७७\०३\२९बाट चण्डेश्वरी कृषि सहकारी संस्थालाइ कम्प्युटर खरीद गरी हस्तान्तरण संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.२२०३५।अनुदान उपलब्ध गराएका छ । | |
| ७१. | **भूक्तानीमा कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकास भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेव्यवस्था छ। नगरपालिकाले कोभिड १९ मा खटिए बापत मिति २०७७।०३।२७, गो.भौ.नं.५६९ बाट जोखिम भत्ता खर्च रु.१३९३२४ लेखेकोमा भत्ता भुक्तानी गर्दा १५% करकट्टी गरी भुक्तानी गर्नुपर्नेमा १.५% मात्र करकट्टी गरी भुक्तानी गरेकाले अपुग आयकर असुल गर्नुपर्ने रु. | १९५०५.६ |
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम** | |
| ७२. | **अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले देहायअनुसार शैक्षिक सेवा, सामान खरिदमा रु.२२८००००/- खर्च लेखेका छन । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ.-मिति | खर्च शिर्षक | विवरण | खर्च रकम | अनुदान प्राप्त गर्ने संस्था |
|---|---|---|---|---|
| ८४-२०७६।१२।०६ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान,प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | शिक्षण सिकाई सामाग्री रू.१५००० का दरले १२४ विद्यार्थी, स्रोत कक्षा व्यवस्थापन रु.१६००००, शैक्षिक सामाग्री-मसलन्द खर्च रु.६००००, ल्याब सामाग्री सहयोग रु.२००००० | २२८०००० | संजिवनी मा.वि.धुलिखेल-७ |

७३. **कार्यक्रम खर्च दरः** नगरपालिकाले नेपाल सरकार अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५मा तोकिएभन्दा फरक नम्सको प्रयोग गरी नगरपालिकाको गोष्ठी, तालीम, भ्रमण तथा अनुशिक्षण कार्यक्रम संचालन गर्ने खर्चको मापदण्ड सम्बन्धि कार्यविधि नबनाई कार्यपालिकाको निर्णयको आधारमा निम्न मापदण्ड स्वीकृत गरी कार्यक्रम खर्च गर्ने गरको पाईयो । नगरसभाबाट पारीत नगराई कार्यपालिकाको निर्णयको आधारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

| क्र.सं. | कार्यक्रमको स्तर | समुदाय\वडास्तर | नगरस्तरीय | कैफियत |
|---|---|---|---|---|
| | विवरण | प्रति दिन\ प्रति व्यक्ति\प्रति सेसन | प्रति दिन\ प्रति व्यक्ति\प्रति सेसन | |
| १ | श्रोत व्यक्ति भत्ता तथा यातायात खर्च | १५००।०० | २५००।०० | पारिश्रमिक रकम प्रति सेसन कर सहित र यातायात खर्चको हकमा वास्तविक खर्च बमोजिम यातायात खर्च उपलब्ध गराईने। राष्ट्रियस्तरको तालिम श्रोत व्यक्तिका लागि प्रति सेसन रु.४००० सम्म उपलब्ध गराउन सकिने छ। |
| २ | सहायक स्रोत व्यक्ति भत्ता | १०००।०० | २०००।०० | पारिश्रमिक रकम प्रति सेसन कर सहित (प्रयोगात्मक गरी गर्नु पर्ने तालिममा मात्र सहायक श्रोत व्यक्ति राख्न सकिने) |
| ३ | स्टेशनरी (सहभागी) | १५० | २५० | मसलन्द बाहेक तालिम ब्याग संस्थाको निर्णय बमोजिम दिने |
| ४ | अनुगमन भत्ता | १५००।०० | १५००।०० | कर सहित |
| ५ | सहभागी खाजा खर्च | १५०।०० | ३०० | प्रति सहभागी |
| ६ | सहभागी यातायात खर्च | ४००।०० | १०००।०० | प्रति सहभागी |
| ७ | कार्यक्रम संयोजक भत्ता | १५००।०० | २५००।०० | कर सहित |
| ८ | कार्यक्रम संचालनका लागि मसलन्द | २५००।०० | ५०००।०० | प्रति कार्यक्रम एकमुष्ट |
| ९ | प्रतिवेदन खर्च | १५००।०० | १५००।०० | प्रतिवेदन कम्प्युटरमा टाईप गरी बाईण्डिङ्ग गरेको हुनुपर्ने |
| १० | आवासिय तालिमको खाना, बास खर्च | ०।०० | २०००।०० | प्रति सहभागी (नगरस्तरमा) |
| ११ | सहायक कर्मचारी भत्ता | १०००।०० | १५००।०० | कर सहित |
| १२ | कार्यालय सहयोगी भत्ता | १०००।०० | १०००।०० | कर सहित |
| १३ | कार्यक्रम व्यवस्थापन खर्च (विवि | १०००।०० | ३०००।०० | हल भाडा प्रति दिन (जेनेरेटर सहित) |
| | | २०००।०० | २०००।०० | ब्यानर, फोटो |
| | | १०००।०० | २०००।०० | उद्घाटन, समापन आदि एकमुष्ट |
| १४ | अन्तर जिल्ला भ्रमण खर्च | २०००।०० | २५००।०० | प्रतिव्यक्ति |
| १५ | विभिन्न समिति तथा जनप्रतिनिधिहरुको बैठक भत्ता | १०००।०० | १०००।०० | प्रतिव्यक्ति |

७४. **फरक नम्सको प्रयोग गरी कार्यक्रमः** नगरपालिकाले निम्न कार्यक्रमहरुमा नेपाल सरकार अर्थमन्त्रालयले तोकेभन्दा फरक नम्सको प्रयोग गरी कार्यक्रम संचालन गरी खर्च लेखेको छ।

| गो.भौ.-मिति | कार्यक्रम | बजेट | खर्च | अर्थमन्त्रालय नम्स | कैफियत |
|---|---|---|---|---|---|
| ४-०७६।१०।१९ | ३ दिने बेमौसमी तरकारी खेती | फलफूल तथा तरकारी मूल्य श्रृङ्खला विकास | २६जना*३ दिन*रु५००=३९००० | विभिन्न दर(सहभागिता भत्ता) | आवासीय तालिममा मात्र दिन पाईने |
| ४-०७६।१०।१९ | १ दिने बजार व्यवस्थापन तालिम | " | ३० जना*रु७००=२१००० | अधिकतम रु.२०० (यातायात खर्च बापत) | २ दिनसम्मको तालिममा अधिकतम रु.२०० |
| १५६-०७७।३।२४ | दारिम्बोट जण्डिस नियन्त्रण कार्यक्रम | संघीय सशर्त चालु | ६जना*२ दिन*रु.८००=९६०० | " | आवासीय तालिममा मात्र सहभागिता भत्ता |
| १५५-०७७।३।२४ | नसर्ने रोग तथा मानसिक स्वास्थ्य | " | ३४जना*१दिन*६००=२०४०० | " | " |
| | | | ४ जना*१*१४००=७००० | ७०० | कक्षा संचालन बापत |
| १५७-०७७।३।२४ | आयुर्वेद सेवा कार्यक्रम | " | ३०जना*२दिन*रु.२००।प्रतिदिन= रु.१२००० | अधिकतम रु.२०० (यातायात खर्च बापत) | २ दिनसम्मको तालिममा अधिकतम रु.२०० |
| | | | प्रशिक्षण बापत रु.११३०० | कार्यपत्र बापत मात्र कार्यपत्र बुझाए पाउने | एउटै कार्यालयका कर्मचारीले नपाउने |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १६०-७।३।२४ · पोषण कार्यक्रम · ” · प्रशिक्षण बापत रु.६००० · कार्यपत्र बापत मात्र कार्यपत्र बुझाए पाउने · एउटै कार्यालयका कर्मचारीले नपाउने | |
| ७५. | **आमा सुरक्षा कार्यक्रमः** मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत नगरपालिकाले धुलिखेल अस्पताललाई गो.भौ.१३४।२०७७।०३।२१ बाट रु.४९७०२०० अनुदान खर्च लेखेको छ।चैत्र देखि आषाढ ४ पटक तोकिएको स्वास्थ्य संस्थामा गर्भवती महिलाले स्वास्थ्य जाँच गरेपछि पाउने यातायात खर्च बापत १४७ जनाको रु.८०० का दरले हुन आउने जम्मा रु.११७६०० **4NC visiting** कार्ड बिनानै खर्च लेखेको पाईयो । यसबाट उक्त महिलाहरुले तोकिएको ४ पटकसम्म नै जाँच गरी उक्त रकम बुझेकोमा पूर्ण विश्वस्त हुन सकिएन। | |
| ७६. | **स्यानिटरी प्याड वितरणः** सामुदायिका विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न मिति २०७७।०३।२४, गो.भौ.१५८ बाट ठेक्का प्रणालीबाट मेडिगोल्ड ईन्टरनेशनल प्रा.लि.भक्तपुरलाई छनौट गरी १२०७५ संख्याको प्याडको रु.९४१४८७ भूक्तानी गरेको छ।नगरपालिकाले ठेक्का सूचना आव्हान गर्नुपूर्व लागत अनुमान गरेको देखिएन । नगरपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त विवरण अनुसार १२०७५ वटा प्याड मध्ये ६११५ वटा विभिन्न विद्यालयहरुलाई वितरण गरेको र बाँकी ५९६० वटा नगरपालिकामा मौज्दात रहेको जनाएको छ। | |
| | **सामाजिक सुरक्षा** | |
| ७७. | **सामाजिक सुरक्षाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा समयमा नै गर्नुपर्दछ । नगरपालिकाले यस सम्बन्धमा ध्यान जरुरी देखिन्छ। | |
| ७८. | KYC Update नगर्ने, एक आर्थिक वर्षको तीन किस्ता मध्ये एक किस्तापनि भत्ता नबुझेका, विभिन्न कारणले बढी निकासा एवं भत्ता प्राप्त गर्न अयोग्य भई आर्थिक वर्षको अन्त्य सम्ममा लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेको सामाजिक सुरक्षा रकम वडा नं.२, ६ र ११ को सेन्चुरी कमर्सियल बैंक मार्फत रु.११८९२०० र वडा नं.४, ७ र ८ को सिभिल बैंक मार्फत रु.१७७८००० फिर्ता प्राप्त भई संघीय संचितकोषमा दाखिला भएको छ । तर बाँकी वडा नं.१, ५ तथा १२को NIC ASIA बैंक र वडा नं.३, ९ तथा १० को देव विकास/कुमारी बैंक मार्फत आर्थिक वर्षको अन्त्य सम्ममा विविध कारणले लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेको सामाजिक सुरक्षा रकम सम्बन्धित बैंकबाट विवरण माग गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि नगरेको पाईएकाले बाँकी रहेको वडाहरुको सम्बन्धित बैंक मार्फत खातामा बाँकी रहेको सामाजिक सुरक्षा रकमको विवरण माग गरी अभिलम्ब संघीय संचितकोषमा दाखिला गर्नु आवश्यक देखिन्छ । | |
| | **सडकबोर्ड तर्फ** | |
| ७९. | **जनसहभागिताको अंशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । मिति२०७६-८-२०, गो.भौ ७ बाट हस्पिटल चोक केयु जाने सडक मर्मतको कार्यको लागि नगरपालिका र आकाश भैरव युवा क्लब विच रु.५८४६५७.६२ बराबर लागत अनुमान, कन्टिन्जेन्सी ५ प्रतिशत र उपभोक्ता समितिको योगदान रू.१३४६५७.६२(२३.०३%) व्यहोर्ने सम्झौता भएको देखिन्छ।कार्यसम्पन्न प्रतिवेदनबाट रु.५३८२५९.२९ बराबरको निर्माण कार्य भएकोमा पेश्की भुक्तानी रु.१६५०००, उपभोक्ता समितिले ब्यहोर्नुपर्ने रकम रु.१२३९६१(२३.०३%) | |

| कार्यालयको नाम : धुलिखेल नगपालिका, नगर कार्यपालिकाको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक । | | आ.व. २०७६।७७ |
|---|---|---|
| **दफा** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | घटाई रु.२४९२९८.२९ भूक्तानी दिनुपर्नेमा रु.२७३२५९ भूक्तानी भएको देखिन्छ । निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले उक्त रकम असूल हुनुपर्ने रु. | २३९६० |
| ८०. | **उपभोक्ता समितिलाई बढी भूक्तानीः** निम्न गो.भौ., मितिबाट उपभोक्ता समितिलाई कार्यसम्पन्न बिलभन्दा बढी भूक्तानी भएकाले उक्त रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | १५४८५ |

| गो.भौ.-मिति | कार्यसम्पन्न बिल | पेश्की दिएको | पेश्की घटाई हुनुपर्ने भूक्तानी | भूक्तानी रकम | बढी भूक्तानी |
|---|---|---|---|---|---|
| २-०७६।६।१० | ४३२२०३.२७ | १४०००० | २९२२०३.२७ | २९५४५१ | ३२४८ |
| ३-०७६।६।१० | १०५१८५९.२१ | ३३३७९५ | ७१८०६४.२१ | ७२५५६१ | ७४९७ |
| ५-०७६।६।१४ | ६२०२१८.७४ | १९५००० | ४८५२१८.७४ | ४९०३१९ | ५१०० |
| जम्मा | | | | | १५८४५ |

| | | |
|---|---|---|
| ८१. | **डोर हाजिरमा कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८७(१) मा प्रत्येक बासिन्दा रोजगारदाताले कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भूक्तानी गर्दा अनुसूची-१ बमोजिमको दरले भूक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था उल्लेख छ। तर यस सम्बन्धमा नगरपालिकाले विभिन्न कार्यक्रमहरुमा ज्यालादारी काम लगाई डोर हाजिरको आधारमा पारिश्रमिक भूक्तानी गर्दा लाग्ने न्यूनतम १प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको नपाईएकाले नियमानुसार ज्यालादारी पारिश्रमिक भूक्तानीमा करकट्टि गर्नुपर्ने देखिन्छ। | |
| | **कोरोना व्यवस्थापन तर्फ** | |
| ८२. | विपद व्यवस्थपन कोषमा गत वर्षको मौज्दात रु.९,९४,८१७।५० भएकोमा यस वर्षको अम्दानी रु.५५,९०,१७३। गरी रु.६५,८४,९९०।५० मध्ये रु.४०,९९,२४६।०० खर्च मध्ये विपद् व्यवस्थापन (आगलागी तथा पहिरो) वापत रु.१७,६००। तथा कोरोना व्यवस्थापन वापत रु.४०,८१,६४६। खर्च भएको छ । | |

| क सं | शिर्षक | रकम |
|---|---|---|
| १ | राहत वितरण | १२२२६४६ |
| २ | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १४३९५१६ |
| ३ | जनशक्ति परिचालन | १२०६२५ |
| ४ | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ४५७०९७ |
| ५ | अन्य शीर्षकमा भएको खर्च | ८४१७६२ |
| | **जम्मा** | **४०८१६४६** |

| | | |
|---|---|---|
| ८२.१. | नगरपालिकाले उपलब्ध गराएको विवरणमा कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यको लागि रु.३६९०९४८ देखाएको छ भने श्रेस्ता परिक्षण गर्दा रु.४०८१६४६ खर्च देखिन्छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ । | |
| ८२.१.१ | कोरोना व्यवस्थापनको लागि नगरपालिका पुँजिगतबाट औषधी खरिदको लागि रु.११९९९१। र चालु बाट जोखिम भत्ताबापत रु.३७८३२४।०० खर्च भएको छ । | |
| ८२.१.२ | नगरपालिकाले १२ वडाहरु मध्ये वडा नं १० र वडा नं ११ बाहेक अन्य वडाहरुले खरिद गरी रु.१२२२६४६। राहत सामग्रीहरु सहित राहत वितरण गरी विल भरपाइ पेश गरेको श्रेस्ताबाट देखिन्छ । | |
| ८२.२. | आयकर नियमावली २०५९को नियम २३(४) मा स्थायी लेखा नम्बर लिइ व्यवसाय गर्ने करदाताले आफ्नो नाम ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोम वडा नं ५ ले पेश गरेको सम्पूर्ण किराना स्टोर बिलमा प्यान नम्बर हातले लेखेको, बिल नम्बर उल्लेख नभएको तथा एउटा बिलमा तेल १५१, नुन १५१, मस्यौरा १५१ र दाल १०१ मात्र उललेख गरी केजि, बोरा वा प्याकेट नखुलाएको र दर उल्लेख नगरी रकम मात्र उल्लेख गरेको बिल रकम रु.४३३७७। र अर्को बिलमा चामल मात्र लेखी रकम रु.६८१७५। मात्र लेखी पेश गरेकोमा रु.१०८५५२। खर्च एकिन गर्न नसकिएको रु. | १०८५५२ |
| ८३. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्यौट गर्न म्याद नाघेको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.५६०१९६५ र म्याद ननाघेको रु.१६३५००० गरी जम्मा रु.७२३६९६५ बाँकी पेश्की देखिएकोले नियम अनुसार असुल फछ्यौट गर्नुपर्ने रु. | ५६०१९६५ |

| सि न | भौ.नं.मिति | विबरण | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद नाघेको | म्याद ननाघेको |
| १. | १५१/०७६/७/२८ | बिमा तथा नविकरण खर्च हरि बहादुर भुजेल | | ३००००० |
| २. | २७/०७६/८/१८ | आमा सुरक्षा कार्यक्रम रेणुका गिरी | | ११४००० |
| ३. | ७४८/०७७/३/२ | नगरस्तरीय भैपरी योजना हरि बहादुर भुजेल | ३६६७१० | |
| ४. | १६/०७६/५/११ | सपिङ्ग कम्पेक्स निर्माण नव आदर्श निर्माण सेवा | | ९००००० |
| ५. | ५५१/०७६/१२/७ | धुलिखेल मनोरञ्जन पार्क ऐ के निर्माण सेवा | | १००००० |
| ६. | १९४/०७७/३/२९ | स्वास्थ्य संस्था भवन निर्माण न्यु डाइगन अर्बिट इन्जिनियरिङ्ग | २०३५००० | |
| ७. | ७२९/०७७/२/३० | नगरस्तरीय भैपरी योजना ने.वि.प्रा बनेपा | २३९९२९ | |
| ८. | ७६६/०७७/३/४ | | ३०३२६ | |
| ९. | ७६६/०७७/३/४ | वृक्षारोपण कार्यक्रम ने.वि.प्रा. बनेपा | ५०००० | |
| १०. | १/०७६/४/१ | जम्मुगैरा नयाँ बस्ती बाटो सुधार उ.स | | १४१००० |
| ११. | ७१७/०७७/२/२९ | भट्टीडाँडा काभ्रेभञ्याङ्ग सडक स्तोरन्नती उ.स | २८८०००० | |
| १२. | २९७/०७६/९/१७ | खेलकुद प्रतियोगिता आयोजना अमृत खोजु | | ८०००० |
| | | जम्मा | ५६०१९६५ | १६३५००० |

८४. **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

८५. **सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । कार्यालयले गत वर्षसम्मको बेरुजू मध्ये निम्नानुसार रु.५२६२७१२.६८ फछ्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा रु.५२६२७१२.६८ सम्परीक्षण भएको छ ।

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजु संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्यौट गरिएको आधार र व्यहोरा | संपरीक्षण भएको रकम |
|---|---|---|---|---|---|
| ०७४/०७५ | ३५ | उ.स लाइ बढी भुक्तानी | ११५८२२.६८ | नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको | ११५८२२.६८ |
| ०७४/०७५ | ४९ | कृषक सहजकर्ता स्वस्तिका सापकोटालाइ बिल वेगर भुक्तानी | ६८९० | असुल गरी बैंक दाखिला गरेको | ६८९० |
| ०७४/०७५ | २७ | अभिमुखिकरण तालिमको बढी भुक्तानी | २४००० | बैंक दाखिला गरेको प्रमाण पेश भएको | २४००० |
| २०७४/०७५ | ५६ | पेश्की बाँकी कर्थरी मा वि वातावरण र सरसफाइ १००००० | ५११६००० | विभिन्न गो.भौ. बाट पेश्की फछ्यौट | ५११६००० |
| | | पेश्की बाँकी शालिक तथा पार्क निर्माण उ.स ४२०००० | | | |
| | | पेश्की बाँकी सिउडी खोला पुल निर्माण उ.स १४०००० | | | |
| | | पेश्की बाँकी जनआदर्श निर्माण सेवा सभाहल निर्माण १२४०००० | | | |
| | | पेश्की बाँकी शिखरकटेरी लुइटेल खानेपानी उपभोक्ता समिति १११६००० | | | |
| | | पेश्की बाँकी पिपि निर्माण सेवा देविस्थान पार्क २१००००० | | | |
| | | जम्मा | ५२६२७१२.६८ | जम्मा | ५२६२७१२.६८ |

८६. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्यौंटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९०३२२ | ५२६३ | ११५३१ | ० | ९६५९० |

| | |
|---|---|
| कृपा मरहठ्ठा | पुरुषोत्तम महर्जन |
| लेखापरीक्षण अधिकारी | निर्देशक |